*मसौदा*

## स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि,२०८०

प्रस्तावनाः नेपालको संविधान तथा सङ्घीय कानून बमोजिम हुने निर्वाचनमा मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि स्थानीय तह मार्फत मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा कार्यविधिगत व्यवस्था गर्न आवश्यक भएकोले,

मतदाता नामावली ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले मतदाता नामावली ऐन, २०७३ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "दर्ता कर्मचारी" भन्नाले दफा ७ बमोजिम तोकिने कर्मचारी सम्झनु पर्छ।

(घ) "दर्ता किट" भन्नाले ल्यापटप, वेव क्यामरा, फिङ्गर प्रिन्ट स्क्यानर सम्झनु पर्छ।

(ङ) "नागरिक" भन्नाले नेपाली नागरिक सम्झनु पर्छ।

(च) "नाम दर्ता अधिकारी" भन्नाले दफा ७ बमोजिम तोकिने नाम दर्ता अधिकारी सम्झनु पर्छ।

(छ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ज) “निर्वाचन कार्यालय” भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ।

(झ) "प्रमुख नाम दर्ता अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ञ) "मतदाता नामावलीमा नाम दर्ता" भन्नाले ऐनको दफा ६ बमोजिम योग्यता पुगेको व्यक्तिको नाम मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि सोह्र वर्ष उमेर पूरा गरेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने कार्यलाई समेत जनाउँछ।

(ट) “स्थानीय तह” भन्नाले दफा ५ बमोजिम अनुमति प्राप्त गरेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ठ) “स्थानीय तहको केन्द्र” भन्नाले सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालय रहेको स्थानलाई सम्झनु पर्छ।

३. **स्थानीय तहले मतदाता नामावलीमा नाम दर्ता गर्नेः** (१) कुनै स्थानीय तहले दफा ५ बमोजिम आयोगको अनुमति लिई त्यस्तो स्थानीय तहको केन्द्रबाट मतदाता नामावली दर्ता गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्थानीय तहले मतदाता नामावलीमा नाम दर्ता गर्दा आवश्यक स्रोत र साधनको उपलब्धता समेतका आधारमा वडा कार्यालयबाट समेत मतदाता नामावलीमा नाम दर्ता गर्न सक्नेछ।

४. **सूचना प्रकाशन गर्नुपर्नेः** (१) दफा ३ बमोजिम स्थानीय तहको केन्द्रबाट त्यस्तो स्थानीय तहले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि अनुमति लिने सम्बन्धमा आयोगले सूचना प्रकाशन गरी आव्हान गर्नेछ।

(२) उपदफा (१) बमोजिम आव्हान गरेपछि मतदाता नामावलीमा नाम दर्ता गराउन चाहने स्थानीय तहले कार्यपालिकाको निर्णय सहित अनुसूची -१ बमोजिमको ढाँचामा सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिनु पर्नेछ।

५. **अनुमतिपत्र दिनेः** (१) दफा ४ बमोजिम स्थानीय तहको निवेदन प्राप्त भएपछि निर्वाचन कार्यालयले आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा आफ्नो राय सुझाव सहित त्यस्तो निवेदन अनुमतिका लागि आयोगमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि आयोगले आवश्यक जाँचबुझ गरी मनासिव देखिएमा त्यस्ता स्थानीय तहलाई मतदाता नामावलीमा नाम दर्ता गर्न अनुसूची -२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

(३) वडा कार्यालयबाट मतदाता नामावली दर्ता गर्नु पर्ने भएमा सम्बन्धित वडाले अनुसूची -३ बमोजिमको विवरण भरी सम्बन्धित स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम स्थानीय तह वा वडा कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित कार्यपालिकाले त्यस्तो विषयमा निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित कार्यपालिकाले निर्णय गरेपछि स्थानीय तहले त्यस्तो निर्णय सहित मतदाता नामावलीमा नाम दर्ता गर्न अनुमतिको लागि अनुसूची -३ बमोजिमको ढाँचामा सम्बन्धित निर्वाचन कार्यालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भएपछि निर्वाचन कार्यालयले आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा वडा कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित स्थानीय तहलाई अनुसूची -४ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

(७) कुनै स्थानीय तहले आफ्नो स्थानीय तह भित्रको कुनै वडामा घुम्ती शिविर मार्फत मतदाता नामावली दर्ता गर्न चाहेमा निर्वाचन कार्यालयको अनुमति लिई स्थानीय तहले तोकेको दर्ता कर्मचारी सहितको टोली खटाई दर्ता कार्य सञ्चालन गर्न सक्नेछ ।

(८) यस दफा बमोजिम स्थानीय तह वा वडा कार्यालयले अनुमति प्राप्त गरेपछि अनुसूची -५ बमोजिम निर्वाचन कार्यालय र स्थानीय तहबीच समझदारी पत्रमा हस्ताक्षर गरी कार्य प्रारम्भ गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम कार्य प्रारम्भ भएपछि त्यस्तो स्थानीय तहको केन्द्र वा वडा कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धी सूचना स्थानीयबासीलाई दिनु पर्नेछ।

६. **दर्ता स्थल** : (१) यस कार्यविधि बमोजिम मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित स्थानीय तहको केन्द्रमा दर्ता स्थल राख्नु पर्नेछ।

(२) वडा कार्यालयबाट मतदाता नामावलीमा नाम दर्ता गर्न सम्बन्धित वडा कार्यालयमा दर्ता स्थल राख्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम दर्ता स्थल राख्दा नागरिकहरुको सहज पहुँच, जौविक (बायोमेट्रिक) विवरण लिन उपयुक्त स्थानलाई चयन गर्नु पर्नेछ।

७. **नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोक्ने** : (१) निर्वाचन अधिकारी सम्बन्धित जिल्लाको प्रमुख नाम दर्ता अधिकारी हुनेछ।

(२) निर्वाचन कार्यालयले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनको लागि नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोक्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्वाचन कार्यालयबाट लेखी आएमा प्रमुख प्रशासकीय अधिकृतले मतदाता नामावली दर्ता गर्नको लागि त्यस्तो स्थानीय तहको कार्यालयमा कार्यरत कर्मचारी मध्ये उपलब्ध भएसम्म अधिकृतस्तरको कर्मचारी र वडाको हकमा वडा सचिवलाई

नाम दर्ता अधिकारी र सहायकस्तरको नेपाली भाषाको यूनिकोडमा टाईप गर्न सक्ने कर्मचारीलाई दर्ता कर्मचारी तोक्न सिफारिस गरी निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भई आएमा प्रमुख नाम दर्ता अधिकारीले नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोकी आयोगको सचिवालय र सम्बन्धित कार्यपालिकाको कार्यालयलाई जानकारी दिनु पर्नेछ।

(५) यस दफा बमोजिम तोकिएका नाम दर्ता अधिकारी र दर्ता कर्मचारीलाई सम्बन्धित स्थानीय तहले मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्य प्रभावित हुने गरी सामान्यतः कार्य जिम्मेवारी हेरफेर गर्न वा जिम्मेवारीबाट हटाउन पाइने छैन।

८. **नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार** : (१) नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदाता नामावली दर्ता सम्बन्धी तालिममा सहभागी हुने,

(ख) मतदाता नामावली दर्ता सम्बन्धी कार्यक्रमको प्रचार प्रसार गर्ने,

(ग) मतदाता नामावली दर्ता सम्बन्धमा आयोग र सम्बन्धित निर्वाचन कार्यालयसँग समन्वय गर्ने,

(घ) मतदाता नामावलीमा प्रचलित कानून बमोजिम दर्ता गर्ने व्यवस्था मिलाउने,

(ङ) दर्ता भएका विवरणहरू सुरक्षित रूपमा अभिलेख राखी निर्वाचन कार्यालयमा स्थानान्तरण गर्ने व्यवस्था मिलाउने,

(च) आयोगले तोकेका अन्य कार्यहरु गर्ने।

(२) यस कार्यविधि बमोजिम मतदाता नामावली दर्ता सम्बन्धी कार्य गर्दा प्रमुख नाम दर्ता अधिकारी र आयोग प्रति उत्तरदायी हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य जिम्मेवारी पूरा नगरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

९. **दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार** : (१) दर्ता कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदाता नामावली दर्ता सम्बन्धी तालीममा सहभागी हुने,

(ख) दर्ता स्थलमा रहेका उपकरण तथा भौतिक सामग्रीको सुरक्षा गर्ने,

(ग) आयोगको वेवसाइटमा रहेको सम्बन्धित अनलाइन फाराम बमोजिम तोकिएको मितिमा नाम दर्ता गराउन आउने व्यक्तिको जैविक विवरण (औंलाको रेखात्मक छाप र फोटो) कम्प्युटरमा प्रविष्ट गर्ने,

(घ) कम्प्युटरमा प्रविष्ट गरिएको मतदाताको विवरण सही भएको यकिन गर्ने र कम्प्युटरमा नै पढ्न र हेर्न दिइ निजको विवरण त्रुटि रहित बनाइ डाटा सेभ गर्ने,

(ङ) दर्ता किताबमा विवरण अद्यावधिक गर्ने,

(च) दर्ता कार्य सम्पन्न भएपछि अधकट्टी वा स्क्रिन प्रिन्ट गरी "दर्ता कार्य सम्पन्न" भन्ने छाप लगाई मिति लेखी हस्ताक्षर गरी सम्बन्धित मतदातालाई दिने,

(छ) प्रणालीमा प्रविष्ट भएको विवरण सुरक्षित रूपमा भण्डारण गर्ने,

(ज) यस कार्यविधि बमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्ने,

(झ) नाम दर्ता अधिकारीले तोकेका अन्य कार्य गर्ने।

(२) यस कार्यविधि बमोजिम मतदाता नामावली दर्ता सम्बन्धी कार्य गर्दा नाम दर्ता अधिकारी र प्रमुख नाम दर्ता अधिकारीप्रति उत्तरदायी हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य जिम्मेवारी पूरा नगरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१०. **अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गर्ने** : (१) कुनै नागरिकले मतदाता नामावलीमा नाम दर्ता गर्न चाहेमा आयोगको वेवसाइटमा रहेको अनलाइन मतदाता नामावली फाराम भरी देहायको प्रमाण प्रविष्ट गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) नागरिकतामा उल्लेखित ठेगाना भन्दा फरक ठेगानामा नाम दर्ता गराउन चाहेमा त्यस्तो स्थानमा बसाई सराई गरी आएको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाणपत्र।

(२) उपदफा (१) बमोजिम प्रविष्ट गरिएको विवरण प्राप्त भएपछि प्रमुख नाम दर्ता अधिकारीले रुजु गरी त्यस्तो व्यहोरा मनासिव देखिएमा स्वीकृत गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमुख नाम दर्ता अधिकारीले स्वीकृत गरे पछि त्यस्तो सूचना निवेदकलाई दिइनेछ र त्यस्तो सूचनाको सन्देश निवेदकले प्राप्त गर्नेछ।

(४) उपदफा (३) बमोजिमको सूचना प्राप्त भएपछि निवेदकले जैविक (बायोमेट्रिक) विवरण दिनका लागि आफ्नो स्थायी ठेगाना रहेको स्थानीय तह र मिति प्रणालीबाट छनोट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छनोट भएको मिति र स्थानमा निवेदकले अनलाइनमा प्रविष्ट गरेका प्रमाण र सक्कल नेपाली नागरिकता साथमा लिई जानुपर्नेछ।

(६) उपदफा (५) बमोजिम निवेदक उपस्थित भएपछि निवेदकले अनलाइनमा प्रविष्ट गरेका प्रमाण र साथमा ल्याएका सक्कल कागजातहरू दर्ता कर्मचारीले रूजु गरी निजले पेश गरेका विवरणहरू ठीक भए नभएको यकिन गर्नुपर्नेछ।

११. **मतदाता नामावलीमा नाम दर्ता गर्नेः** (१) स्थानीय तहले अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन गरी स्वीकृत भएका तथा ऐनको दफा ६ बमोजिम योग्यता पुगेका व्यक्तिको नाम

आवेदनसाथ प्रविष्ट गरिएका देहायका सक्कल कागजात हेरी यकिन गरेपछि निजको स्थायी ठेगानामा नाम दर्ता गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) नागरिकतामा उल्लेखित ठेगाना भन्दा फरक ठेगानामा नाम दर्ता गराउन चाहेमा त्यस्तो स्थानमा बसाई सराई गरी आएको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाणपत्र।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा निजको जन्म वा उमेर वा बासस्थान नागरिकताको प्रमाणपत्रबाट मात्र खुल्न नसकेमा थप प्रमाणको रूपमा राष्ट्रिय परिचयपत्र वा जग्गाधनी प्रमाण पूर्जा वा शैक्षिक योग्यताको प्रमाणपत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र सम्बन्धित व्यक्तिसँग माग गर्न सक्नेछ।

(३) दर्ता कर्मचारीले दफा १० बमोजिम प्रविष्ट गरेका विवरणहरू सक्कल कागजातसँग रुजु गर्दा ठीक देखिएमा अनुसूची -६ बमोजिमको दर्ता किताबमा दर्ता गरी सम्बन्धित व्यक्तिको जैविक (बायोमेट्रिक) विवरण कम्प्युटर प्रणालीमा दर्ता गर्नुपर्नेछ।

(४) दर्ता कर्मचारीले उपदफा (३) बमोजिम दर्ता सम्पन्न भएपछि कम्प्युटर स्क्रिनमा देखिएको निजको विवरण प्रिन्ट गरी "दर्ता कार्य सम्पन्न" भन्ने छाप लगाई सम्बन्धित व्यक्तिलाई दिनुपर्नेछ।

१२. **<u>विवरण स्थानान्तरण</u>** : आयोगले दर्ता स्थलबाट दफा ११ बमोजिम दर्ता भएको विवरणलाई सम्बन्धित स्थानीय तहको समन्वयमा आयोगमा ल्याई एकीकृत गर्न स्थानीय तहको दर्ता स्थल र आयोगबीच सुरक्षित माध्यमबाट जोड्ने व्यवस्था गर्नेछ।

१३. **<u>अन्तर आवद्धता गर्ने</u>:** दफा १० बमोजिम प्रविष्ट गरिएको विवरण रुजु तथा प्रमाणीकरणका लागि मतदाता नामावली दर्ता प्रणालीसँग अनलाइन घटना दर्ता प्रणाली तथा नागरिकता सूचना व्यवस्थापन प्रणालीको अन्तरआवद्धता गर्न सकिनेछ।

१४. **<u>दर्ता सामग्री :</u>** (१) मतदाता नामावली दर्ता कार्यमा प्रयोग हुने तोकेको मापदण्ड बमोजिमको दर्ता किट आयोगसँग समन्वय गरी स्थानीय तहले व्यवस्था गर्नेछ।

तर आयोगमा दर्ता किट मौज्दात रहेको अवस्थामा आयोगले त्यस्तो दर्ता किट स्थानीय तहलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको किट आयोगको मतदाता नामावली दर्ता प्रणालीमा आवद्ध गरी प्रयोग गर्नु पर्नेछ।

(३) स्थानीय तहले मतदाता नामावली दर्ता कार्यमा प्रयोग हुने फर्निचर, स्टेशनरी, सेतो पर्दा, इन्टरनेट र फायरवाल लगायतका आवश्यक पर्ने अन्य सामग्री व्यवस्थापन गर्नु पर्नेछ ।

१५. **केन्द्रीय समन्वय तथा अनुगमन समिति :** (१) मतदाता नामावली दर्ता कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न त्यस्तो विषयमा आवश्यक निर्देशन दिन, समन्वय तथा अनुगमन गर्न देहायको एक केन्द्रीय समन्वय तथा अनुगमन समिति रहनेछ :-

(क) सचिव, आयोग - संयोजक

(ख) महाशाखा प्रमुख, निर्वाचन व्यवस्थापन महाशाखा, आयोग - सदस्य

(ग) सहसचिव, गृह मन्त्रालय - सदस्य

(घ) सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(ङ) शाखा प्रमुख, सूचना प्रविधि शाखा, निर्वाचन आयोग - सदस्य

(च) शाखा प्रमुख, मतदाता नामावली तथा निर्वाचन सञ्चालन, आयोग -सदस्य-सचिव

(२) समितिको बैठकमा सम्बन्धित विषय विज्ञ र अन्य सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

१६. **केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** केन्द्रीय समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट मतदाता नामावली सङ्कलन सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ख) मतदाता नामावली दर्ता कार्यको नीतिगत निर्णय गर्नुपरेमा आयोग समक्ष सिफारिस गर्ने,

(ग) मतदाता नामावली दर्ता कार्यको समन्वय तथा अनुगमन गर्ने,गराउने,

(घ) सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(ङ) मतदाता नामावली अद्यावधिक, मतदाता नामावलीलाई अन्तिम रुप दिने सम्बन्धमा तथ्याङ्क प्राप्ति र एकीकरण लगायतका बिषयमा आउन सक्ने समस्या सम्बोधन गर्ने,

(च) आयोगले तोकेका अन्य कार्यहरु गर्ने।

१७. **जिल्ला समन्वय तथा अनुगमन समिति :** (१) मतदाता नामावली दर्ता कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न त्यस्तो विषयमा आवश्यक समन्वय र अनुगमन गर्न देहायको एक जिल्ला समन्वय तथा अनुगमन समिति रहनेछ :-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य

(घ) जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति - सदस्य
(ङ) प्रदेश/जिल्ला निर्वाचन अधिकारी -सदस्य-सचिव

(२) समितिको बैठकमा छलफल गर्नुपर्ने विषयसँग सम्बन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुखलाई आमन्त्रण गर्न सकिनेछ।

१८. **<u>जिल्ला समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :</u>** जिल्ला समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(ख) मतदाता नामावली दर्ता कार्यको समन्वय तथा अनुगमन गर्ने, गराउने,

(ग) सरोकारवालासँग छलफल र अन्तरक्रिया गर्ने,

(घ) मतदाता नामावली दर्ता तथा अद्यावधिक, मतदाता नामावलीलाई अन्तिम रुप दिने सम्बन्धमा तथ्याङ्क प्राप्ति, एकीकरण लगायतका बिषयमा आउन सक्ने समस्याको सम्बन्धमा केन्द्रीय समन्वय तथा अनुगमन समितिसँगको समन्वयमा रही समस्याको सम्बोधन गर्न सहजीकरण गर्ने,

(ङ) मतदाता नामावली दर्ता तथा अद्यावधिक सम्बन्धमा हुने तालिमका लागि आवश्यक सहयोग र समन्वय गर्ने,

(च) आयोगले तोकेका अन्य कार्यहरु गर्ने।

१९. **<u>मतदाता नामावली दर्ता व्यवस्थापन तथा अनुगमन समिति :</u>** (१) स्थानीय तहमा हुने मतदाता नामावली दर्ताको व्यवस्थापन तथा अनुगमन गर्न देहायको एक समिति रहनेछ :-

(क) स्थानीय तहको प्रमुख/अध्यक्ष -संयोजक

(ख) स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) स्थानीय तहमा रहेको नेपाल प्रहरीको प्रमुख -सदस्य

(ङ) निर्वाचन सम्पर्क व्यक्ति -सदस्य-सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार वडा अध्यक्ष र प्रमुख नाम दर्ता अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

२०. **<u>मतदाता नामावली दर्ता व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :</u>** मतदाता नामावली दर्ता व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदाता नामावली दर्ता र अद्यावधिक गर्न सरोकारवालाहरुसँग छलफल, समन्वय, सहजीकरण तथा अनुगमन गर्ने,

(ख) दर्ता कार्यको लागि आवश्यक सुरक्षाको व्यवस्था मिलाउने,

(ग) मतदाता नामावली दर्ता तथा अद्यावधिकको प्रचार प्रसार गर्ने,

(घ) वडा कार्यालयबाट दर्ता गर्नुपर्ने भएमा स्रोत साधन तथा जनशक्ति समेतको आधारमा कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ङ) दर्ता कार्यका लागि जनशक्ति खटन पटनको व्यवस्था मिलाउने,

(च) दर्ता कर्मचारीबाट प्रतिवेदन लिने,

(छ) मृत्यु भएका व्यक्तिको विवरण हटाउन, आफ्नो स्थानीय तहको कुनै एक वडाबाट अर्को कुनै वडामा वा आफ्नो स्थानीय तहबाट अन्य कुनै स्थानीय तहमा विवाह भई वा बसाइँ सराई गरी जाने वा आउने मतदाताको नाम आफ्नो स्थायी ठेगानामा रहने गरी मतदाता नामावली सार्नको लागि मतदातालाई प्रेरित गर्ने र सो सम्बन्धमा निर्वाचन कार्यालयलाई आवश्यक सहयोग गर्ने,

(ज) नागरिकका घटना दर्ता विवरणलाई मतदाता नामावलीमा अध्यावधिक गर्न निर्वाचन कार्यालयमा पठाउन सहजीकरण गर्ने,

(झ) दर्ता कार्यमा आवश्यक पर्ने सामग्रीको व्यवस्था गर्ने,

(ञ) आयोगबाट प्राप्त निर्देशन बमोजिमको कार्य गर्ने, गराउने ।

२१. **<u>तालीम सम्बन्धी व्यवस्था:</u>** आयोग वा निर्वाचन कार्यालयले यस कार्यविधि बमोजिम मतदाता नामावली दर्ता गर्नुपूर्व दफा ७ बमोजिम तोकिएका नाम दर्ता अधिकारी र दर्ता कर्मचारीलाई आवश्यक तालीम दिनु पर्नेछ।

२२. **<u>मतदाता नामावली अद्यावधिक सम्बन्धी</u> :** (१) नाम दर्ता अधिकारी वा दर्ता कर्मचारीले अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आफ्नो वा एकाघरको मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन, एक भन्दा बढी स्थानमा नाम रहेको भए एक ठाउँको नाम कायम राख्न, मतदाताको नाम मतदाता नामावलीबाट हटाउन, विवाह वा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका नागरिकहरूको विवरण सच्याउन वा हटाउनु परेमा आयोगको वेवसाइटमा रहेको अनलाइन फारम भरी आवश्यक प्रमाण प्रविष्ट गरी विवरण अद्यावधिक गर्न सकिने व्यहोराको सूचना सम्बन्धित व्यक्ति वा सरोकारवालालाई दिनु पर्नेछ।

(२) निर्वाचन कार्यालयले मतदाता नामावली अद्यावधिक गर्ने समयमा स्थानीय तहसँग मृत्यु दर्ता, विवाह दर्ता, बसाइ सराईका प्रमाणपत्र लगायतका अन्य प्रमाण माग

गरेमा सम्बन्धित पञ्जिकाधिकारीसँग समन्वय गरी त्यस्तो स्थानीय तहले यथाशिघ्र सो प्रमाण निर्वाचन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

२३. **नाम दर्ता गर्ने कर्तव्य:** ऐनको दफा १२ बमोजिम मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराउनु मतदाता हुन योग्यता पुगेका प्रत्येक नेपाली नागरिकको कर्तव्य हुनेछ।

२४. **निवेदन, सूचना वा उजुरी दिने:** (१) कुनै मतदाताको नाम वा विवरणमा त्रुटि सच्याउन वा मतदाताको दोहोरो नाम हटाउन सम्बन्धित मतदाता वा निजको परिवारको कुनै सदस्यले सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) मतदाता नामावलीमा नाम समावेश भएको कुनै व्यक्तिको मृत्यु भएको वा नागरिकता त्याग गरेकोमा निजको एकाघर परिवारका सदस्य वा कुनै व्यक्तिले प्रमाण सहित सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा सूचना दिन सक्नेछ।

(३) कसैले झूठो विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित कुनै पनि व्यक्तिले सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा उजुरी दिन सक्नेछ।

(४) यस दफा बमोजिम प्राप्त निवेदन, सूचना वा उजुरी सम्बन्धित स्थानीय तह वा वडा कार्यालयले सम्बन्धित प्रमुख नाम दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ।

२५. **अन्तिम मतदाता नामावली प्रकाशन** : ऐनको दफा १४ देखि दफा १९ सम्मको प्रक्रिया पूरा गरी निर्वाचन कार्यालयबाट आयोगमा प्राप्त भएको मतदाता नामावली सम्बन्धी विवरण आयोगले वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ।

२६. **दर्ता कार्यमा सहयोग माग गर्न सक्ने:** (१) नाम दर्ता अधिकारी वा दर्ता कर्मचारीले यस कार्यविधि बमोजिम दर्ता गर्ने क्रममा कुनै प्राविधिक समस्या आएमा समाधानको लागि आयोगको सूचना प्रविधि शाखा, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा वा सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भएको सहयोग उपलब्ध गराउनु सूचना प्रविधि शाखा, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा र सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयको कर्तव्य हुनेछ।

२७. **सम्पर्क शाखा:** आयोगमा रहेको मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखाले स्थानीय तह मार्फत मतदाता नामावलीमा नाम दर्ता गर्ने सम्बन्धमा सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

२८. **निर्देशन दिने:** (१) आयोगले यस कार्यविधि बमोजिम मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

२९. **<u>प्रतिवेदन दिने:</u>** नाम दर्ता अधिकारीले आफू तोकिएको दर्ता केन्द्रबाट दर्ता गरिएको मतदाता नामावलीको विवरण अर्धवार्षिक रुपमा तयार गरी सोको प्रतिवेदन निर्वाचन कार्यालयमा पठाउनु पर्नेछ।यसरी प्राप्त भएको प्रतिवेदनको संक्षिप्त प्रतिवेदन तयार गरी निर्वाचन कार्यालयले आयोगमा पठाउनु पर्नेछ।

३०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिएको जतिमा यसै कार्यविधि बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची -१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>मतदाता नामावली दर्ता कार्यको अनुमतिको लागि दिइने निवेदन</u>

श्री निर्वाचन आयोग, नेपाल।

कान्तिपथ, काठमाडौं।

विषय : अनुमति सम्बन्धमा ।

महोदय,

स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को दफा ४ बमोजिम .............. जिल्ला, ................. स्थानीय तहको केन्द्रबाट मतदाता नामावली दर्ता कार्य प्रारम्भ गर्न देहाय बमोजिमको तयारी सम्पन्न भएको हुँदा मतदाता नामावली दर्ता कार्य गर्न अनुमति दिनु हुन अनुरोध गर्दछु।

| क.सं. | पूर्वाधारको विवरण | छ | छैन |
|---|---|---|---|
| १. | BBVRS स्फटवेयर प्रयोग गर्न सकिने कम्प्युटर वा ल्यापटप | | |
| २. | फिङ्गर स्क्यानर | | |
| ३. | प्रिन्टर | | |
| ४. | इन्टरनेटको पहुँच/व्यवस्था | | |
| ५. | दर्ता कक्ष (कोठा) | | |
| ६. | दिगो  र भरपर्दो विधुतको आपूर्ति | | |
| ७. | फर्निचर (कम्तिमा दुईवटा कुर्ची र एउटा टेवल र सुरक्षित दराज | | |
| ८. | स्टेशनरी, सेतो पर्दा | | |

| **क्र.सं.** | **स्रोत साधनको विवरण** | **छ** | **छैन** |
|---|---|---|---|
| १. | बजेट व्यवस्था (प्रचार प्रसार, चालु खर्च, तालीम, समिति खर्च) | | |
| २. | दर्ता अधिकारी (अधिकृतस्तर) | | |
| ३. | दर्ता कर्मचारी (सहायकस्तर) | | |

प्रमुख/अध्यक्षको नाम :

स्थानीय तहको छाप

स्थानीय तहको नाम :

हस्ताक्षर :

मिति :

अनुसूची -२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

<u>मतदाता नामावली दर्ता कार्यको अनुमतिपत्र</u>

श्री .....................नगरपालिका/गाउँपालिका,

......................................।

स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अध्यावधिक कार्यविधि, २०८० को दफा ५ बमोजिम त्यस स्थानीय तहको केन्द्रबाट मतदाता नामावलीमा नाम दर्ता गर्न आयोगको मिति ............. को निर्णयानुसार यो अनुमति पत्र दिइएको छ।

दस्तखतः

नामः

पदः

मिति :

अनुसूची -३

(दफा ५ को उपदफा (३) र उपदफा (५) सँग सम्बन्धित)

<u>मतदाता नामावली दर्ता कार्यको अनुमतिको लागि दिइने निवेदन</u>

श्री .............निर्वाचन कार्यालय।

...............................।

विषय : अनुमति सम्बन्धमा ।

महोदय,

स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को दफा ५ को उपदफा (३) बमोजिम .............. जिल्ला, ................. स्थानीय तह अन्तर्गत ......... वडा कार्यालयबाट मतदाता नामावली दर्ता कार्य प्रारम्भ गर्न देहाय बमोजिमको तयारी सम्पन्न भएको हुँदा मतदाता नामावली दर्ता कार्य प्रारम्भ गर्न अनुमति लिने प्रयोजनका लागि अनुरोध गर्दछु ।

| **क्र.सं.** | **पूर्वाधारको विवरण** | **छ** | **छैन** |
|---|---|---|---|
| १ | BBVRS स्फटवेयर प्रयोग गर्न सकिने कम्प्युटर वा ल्यापटप | | |
| २ | फिङ्गर स्क्यानर | | |
| ३ | प्रिन्टर | | |
| ४ | इन्टरनेटको पहुँच/व्यवस्था | | |
| ५ | दर्ता कक्ष (कोठा) | | |
| ६ | दिगो र भरपर्दो विधुतको आपूर्ति | | |
| ७ | फर्निचर (कम्तिमा दुईवटा कुर्ची र एउटा टेवल र सुरक्षित दराज | | |
| ८ | स्टेशनरी, सेतो पर्दा | | |

| **क्र.सं.** | **स्रोत साधनको विवरण** | **छ** | **छैन** |
|---|---|---|---|
| १ | बजेट व्यवस्था (प्रचार प्रसार, चालु खर्च, तालीम, समिति खर्च) | | |
| २ | दर्ता अधिकारी (उपलब्ध भएसम्म अधिकृतस्तर उपलब्ध हुन नसके सम्बन्धित वडाको सचिव) | | |
| ३ | दर्ता कर्मचारी (सहायकस्तर) | | |

वडा अध्यक्षको नाम :
स्थानीय तहको नाम :
वडा नम्बरः
हस्ताक्षर :
मिति :

अनुसूची -४

(दफा ५ को उपदफा (६) सँग सम्बन्धित)

<u>मतदाता नामावली दर्ता कार्यको अनुमति पत्र</u>

श्री .................... नगरपालिका/गाउँपालिका,

.....................................।

स्थानीय तह मार्फत मतदाता नामावली दर्ता तथा अध्यावधिक कार्यविधि, २०८० को दफा ५ को उपदफा (६) बमोजिम यस कार्यालयको मिति ............ को निर्णय बमोजिम त्यस स्थानीय तहको ....... नं. वडा कार्यालयबाट मतदाता नामावली दर्ता गर्ने प्रयोजनका लागि यो अनुमति पत्र दिइएको छ ।

दस्तखतः

नामः

पदः

मितिः

अनुसूची - ५

(दफा ५ को उपदफा (८) सँग सम्बन्धित)

................. निर्वाचन कार्यालय र .......... स्थानीय तह

.........जिल्ला ................प्रदेश बीच भएको

समझदारी-पत्र

मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्ने कार्यलाई छिटो छरितो र नागरिकको सहज पहुँच अभिवृद्धि गर्न स्थानीय तहको समन्वय र सहकार्यमा मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिक गर्नका लागि मतदाता नामावली ऐन, २०७३ र अन्य प्रचलित कानून बमोजिम देहायको कार्य गर्न.................निर्वाचन कार्यालय र ............स्थानीय तह दुवै पक्ष एक आपसमा मञ्जुर भई यस समझदारीपत्रमा अधिकार प्राप्त अधिकारीबाट हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

१. **आयोगको जिम्मेवारी :**

मतदाता नामावली सङ्कलन गर्ने कार्यका लागि सफ्टवेयर (Biometric Based Voter Registration System-BBVRS) को व्यवस्था, तालिमको व्यवस्था, नीतिगत व्यवस्था र अनुगमन तथा मूल्याङ्कन गर्ने।

२. **स्थानीय तहको जिम्मेवारीः**

(क) मतदाता नामावलीमा नाम दर्ता गर्ने कार्यका लागि निर्वाचन कार्यालयले माग गरेमा नाम दर्ता अधिकारी र दर्ता कर्मचारी तोक्न सिफारिस गर्ने।

(ख) मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि आवश्यक पर्ने स्थान, फर्निचर, BBVRS स्फटवेयर प्रयोग गर्न सकिने कम्प्युटर वा ल्यापटप, फिङ्गर स्क्यानर, प्रिन्टर, इन्टरनेटको व्यवस्था, दिगो र भरपर्दो विधुतको आपूर्ति, सुरक्षित दराज, स्टेशनरी, सेतो पर्दा लगायतका स्रोत साधन व्यवस्था गर्ने,

(ग) मतदाता नामावली सङ्कलन सम्बन्धी सूचना प्रवाह, स्वयंसेवक परिचालन तथा सम्पर्क व्यक्ति तोक्ने,

(घ) आयोगबाट स्वीकृत प्रचार सामग्री तयारी गर्ने तथा वितरण गर्ने,

(ङ) आवधिक रुपमा बैठक बसी कार्यक्रमको जानकारी गराउने,

(च) आवश्यकता अनुसार आयोग वा निर्वाचन कार्यालयसँग समन्वय एवं सहकार्य गर्ने,

(छ) दर्ता कार्यका लागि आवश्यक पर्ने स्रोत साधन एवं बजेटको व्यवस्था गर्ने ।

**३. निर्वाचन कार्यालयको जिम्मेवारीः**

(क) आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम समझदारीपत्रमा हस्ताक्षर गरी कार्यक्रमको समन्वय गर्ने,

(ख) निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने,

(ग) देखिएका समस्याहरूको समाधान गर्ने,

(घ) जिल्लास्थित राजनीतिक दल तथा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

(ङ) कार्यविधिमा तोकिए बमोजिमका कार्यहरू सम्पन्न गर्ने,

(च) स्थानीय तहबाट दर्ता भएको मतदाता नामावली विवरण आयोगमा निरन्तर पठाउने,

(छ) स्थानीय तहले पेश गरेको प्रगति विवरणलाई एकीकृत गरी आयोगमा पठाउने,

(ज) स्थानीय तहबाट मतदाता नामवाली दर्ता गर्ने प्रयोजनका लागि स्थानीय तहलाई सहजीकरण गर्ने,

(झ) प्रत्येक वर्षको चैत्र मसान्तमा मतदाता नामावलीको अद्यावधिक विवरण सार्वजनिक गर्ने।

**४. दुवै पक्षले गर्नुपर्नेः**

(क) यस समझदारी पत्रमा संशोधन, थप तथा परिवर्तन गर्नु परेमा दुवै पक्षको सहमतिमा संशोधन गरिनेछ।

(ख) समझदारी पत्रका बुँदाहरुमा उल्लेखित शर्तहरु समझदारी पत्रमा दुवै पक्षको हस्ताक्षर भएपछि कार्यान्वयनमा आउनेछ।

**५. समझदारी पत्रको कार्यान्वयन मितिः**

मतदाता नामावली दर्ता तथा अध्यावधिक गर्ने कार्य मिति ...................बाट प्रारम्भ हुनेछ।

| <u>**प्रदेश/जिल्ला निर्वाचन कार्यालयको तर्फबाट**</u> | <u>**स्थानीय तहको तर्फबाट**</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| | स्थानीय तहको नाम : |
| साक्षी | साक्षी |

इति सम्वत २०८० साल .......... महिना ......... गते रोज ....... शुभम् ।

अनुसूची - ६

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

<u>दर्ता किताबको नमूना</u>

| क्र.सं. (दर्ता नं.) | प्रणालीको दर्ता नं. | जैविक विवरण लिएको मिति | दर्ता गरिएको व्यक्तिको | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम थर | जन्म मिति | नागरिकता नं. | जारी मिति | जारी जिल्ला | स्थायी ठेगाना | फोन नम्बर |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |